जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४५ • २०८३ साल आषाढ २० गते शनिबार (4 July, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## ठोरी नाकामा कडाइ हुँदा सयौं भारतीय पर्यटक अलपत्र

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ठोरी नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकका सवारी साधनमाथि सशस्त्र प्रहरीको बीओपीले कडाइ गरेपछि सयौं भारतीय पर्यटक सीमामै रोकिएपछि अलपत्र परेका छन् । ठोरी जंगल रिसोर्टका सञ्चालक सुदीप थापाले दिएको जानकारी अनुसार शुक्रबारदेखि ठोरीस्थित सशस्त्र प्रहरीको बीओपीले भारतीय नम्बरका मोटरसाइकल तथा चार पांग्रे सवारीसाधनलाई ठोरी प्रवेशमा पूर्ण रोक लगाएको छ ।

नेपाल प्रवेश गर्न नपाएपछि सीमानाका क्षेत्र ठुटेखोला पुलपारी भारतीय पर्यटकहरूको सवारी साधन रोकिएको छ। जसले गर्दा ठोरी बजार पुग्ने सार्वजनिक सवारी साधन नै छैन। यसबाट ठूलो संख्यामा भारतीय पर्यटकहरू पुल पारी अलपत्र परेको थापाले बताए।

भारतीय पर्यटकका सवारी साधन नेपाल प्रवेश गर्न नपाएपछि ठोरीका पर्यटकीय गन्तव्य तथा होटेल, रिसोर्टहरू सुनसान भएको स्थानीय व्यवसायीहरु बताउँछन् । यहाँको पर्यटन भारतीय पर्यटकमाथि नै निर्भर रहेका छन् । ठोरीको पर्यटन क्षेत्रमा ५० करोडभन्दा बढी लगानी भइसकेको अवस्थामा भारतीय पर्यटकका सवारी साधनमाथि रोक लगाइएपछि यहाँको पर्यटन व्यवसायी चिन्तित बनेका छन् । ठोरीको पर्यटकीय क्षेत्र मुश्किलले ४ किमी लम्बाइको दायरामा रहेको व्यवसायी उनको भनाइ छ ।

भारतीय सवारी साधन नेपाल प्रवेश गर्न नदिन माथिबाट निर्देशन आएको सशस्त्र प्रहरीले जानकारी दिएको थापाले उद्धृत गर्दै भने । यसअघि पनि ठोरी नाकाको सञ्चालन र भन्सार व्यवस्थापनमा देखिएको समस्याले यस क्षेत्रको पर्यटन व्यवसायमा असर परेको थियो । पर्यटन-मैत्री नीतिको चर्चा भइरहेका बेला पर्यटकलाई सीमानाकाबाटै फर्काउनुले पर्यटन प्रवर्द्धनको सरकारी नीतिमै प्रश्न उठेको उनले बताए ।

सशस्त्र प्रहरी बल पर्साका प्रहरी उपरीक्षक मोहन सिंह क्षेत्रीले ठोरी नाका मात्र नभइ जिल्लाका भिस्वा, धोरेलगायतका नाकामा पनि कडाइ गरिएको जानकारी दिए । बिना इजाजत भारतीय सवारी साधन निर्वाध नेपाल प्रवेश गर्ने र कतिपय भारतीयहरूबाट सुरक्षा व्यवस्थामा समस्या उत्पन्न हुन सक्ने भएकाले कडाइ गरिएको प्रस्ट्याए ।

### आक्रामक बन्दै अध्यक्ष यादव

## 'संविधानका आधारभूत संरचना भत्काउने संशोधन स्वीकार्य हुँदैन, प्रतिरोध हुन्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव संघीयता र लोकतान्कि गणतन्त्रात्मक व्यवस्थाविरुद्ध बालेन्द्र साह नेतृत्वको सरकारले गरिरहेको षड्यन्त्रविरुद्ध आक्रामक भएका छन् । उनले प्राप्त उपलब्धी विरुद्ध आच आएमा सशक्त प्रतिरोध गर्ने भन्दै चेतावनीसमेत दिएका छन् ।

संविधान संशोधनको नाममा संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता र लोकतन्त्रजस्ता संविधानका आधार भूत विशेषतालाई कमजोर बनाउने कुनै पनि प्रयास स्वीकार्य नहुने अध्यक्ष यादवले प्रस्ट्याएका छन् ।

उनले यस्ता उपलब्धिमाथि आँच पुऱ्याउने प्रयास भए सशक्त प्रतिरोध हुने र मुलुक जातीय, क्षेत्रीय द्वन्द्व तथा अशान्तितर्फ धकेलिन सक्ने चेतावनी दिए ।


संविधान संशोधनसम्बन्धी विषयमा शुक्रबार आफ्नो धारणा सार्वजनिक गर्दै अध्यक्ष यादवले नेपाली जनताको दशकौँ लामो जनसंघर्ष, जनआन्दोलन, सशस्त्र संघर्ष, ऐतिहासिक मधेश जनविद्रोह तथा त्याग र बलिदानको जगमा संविधानसभाबाट जारी भएको नेपालको संविधान- २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई राज्यको मूल संरचनाका रूपमा स्थापित गरेको उल्लेख गरे ।

संविधानको धारा २७४ ले पनि नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्ताविपरीत हुने गरी संविधान संशोधन गर्न नसकिने स्पष्ट व्यवस्था गरेको उनले बताए।

अध्यक्ष यादवले जनतामा निहित सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, कानुनी शासन, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, मौलिक तथा मानव अधिकार, समानुपातिक समावेशीता, सामाजिक न्याय, बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक पहिचानको संरक्षण, राष्ट्रिय एकता, संघीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, धर्मनिरपेक्षता, बहुदलीय लोकतन्त्र र गणतन्त्र संविधानका आधारभूत विशेषता भएकाले ती नष्ट हुने गरी कुनै पनि संशोधन गर्न नहुने स्पष्ट पारे ।

अध्यक्ष यादवले वर्तमान अवस्थामा राजनीतिक दल र सरकारले संविधानका यी उपलब्धिलाई संरक्षण र संस्थागत गर्दै स्वतन्त्रता, समानता, सुशासन, विकास, समृद्धि तथा सामाजिक न्यायको लक्ष्य प्राप्तितर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए ।

उनले संविधान संशोधन आवश्यक भए त्यसलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ बनाउने दिशामा केन्द्रित गर्नुपर्ने धारणा राखेका छन् ।



अध्यक्ष यादवका अनुसार संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन, शासकीय स्वरूप, निर्वाचन प्रणाली, समान जनसंख्याका आधारमा प्रतिनिधित्व, सामाजिक सुरक्षा, न्यायपालिका,संवैधानिक आयोगको संरचना,आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जातीय, भाषिक र सांस्कृतिक अधिकार तथा मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम, खस, पिछडावर्ग, अल्पसंख्यक, लोपोन्मुख समुदाय, फरक क्षमता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक र आर्थिक रूपमा विपन्न वर्गको अधिकार सुनिश्चित गर्न संविधान संशोधन हुनुपर्ने अध्यक्ष यादवले बताए ।

यसका साथै राष्ट्रियता, पहिचान, राज्यका शक्ति, स्रोत र अवसरमा न्यायोचित पहुँच, समानुपातिक तथा समावेशी प्रतिनिधित्व र सामाजिक न्याय सुनिश्चित हुने गरी संविधान परिमार्जन गर्नुपर्नेमा पनि उनले बताए ।

विश्वका धेरै लोकतान्त्रिक मुलुकका संविधानमा राष्ट्रको आधारभूत चरित्र, लोकतन्त्र, संघीयता, मानव अधिकार, कानुनी शासन, न्यायपालिकाको स्वतन्त्रता, राष्ट्रिय एकता, गणतन्त्रात्मक शासन प्रणाली तथा मौलिक अधिकारजस्ता विषयलाई असंशोधनीय बनाइएको उल्लेख गरे । अध्यक्ष यादवले यस्ता प्रावधानलाई सामान्य राजनीतिक बहुमतका आधारमा परिवर्तन गर्न नपाइने व्यवस्था संविधानको स्थायित्व, लोकतन्त्र र राष्ट्रिय हितको संरक्षणका लागि गरिएको बताए ।

उनले भारतको सर्वोच्च अदालतले सन् १९७३ मा केशवानन्द भारती विरुद्ध केरला राज्य मुद्दामा विकास गरेको 'बेसिक स्ट्रक्चर डक्ट्रिन'को उदाहरण दिँदै संविधानको सर्वोच्चता, लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, न्यायिक पुनरावलोकन, विधिको शासन, स्वतन्त्र निर्वाचन, राष्ट्रिय एकता तथा मौलिक अधिकार जस्ता आधारभूत संरचनालाई नष्ट हुने गरी संशोधन गर्न नपाइने सिद्धान्त स्थापित भएको उल्लेख गरेका छन् ।

अध्यक्ष यादवले संयुक्त राज्य अमेरिकाको संविधानमा प्रत्येक राज्यलाई सिनेटमा समान प्रतिनिधित्वबाट वञ्चित गर्न नपाइने व्यवस्था तथा जर्मनीको संविधानमा मानव मर्यादा, संघीय संरचना, कानुनी शासन तथा लोकतान्त्रिक सामाजिक राज्यलाई असंशोधनीय बनाइएको उदाहरणसमेत प्रस्तुत गरे ।

अध्यक्ष यावले स्मरण गर्दै भने, 'फ्रान्स र इटलीमा गणतन्त्रात्मक शासन प्रणाली परिवर्तन गर्न नपाइने संवैधानिक व्यवस्था पनि रहेको छ।'

## प्रतिपक्षको दबाबमा मधेश प्रदेश सरकार, अर्थमन्त्री भट्टराईद्वारा स्पष्टोक्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट संशोधनको माग गर्दै प्रमुख प्रतिपक्षी दलहरूले लगातार दोस्रो दिन पनि अवरोध गरेपछि मधेश प्रदेशसभाको बैठक बिहीबार अनिश्चितकालका लागि स्थगित भएको छ। सरकार र विपक्षी दलबीच सहमति जुट्न नसक्दा बजेटमाथिको छलफल अघि बढ्न अझैसम्म पनि सकेको छैन ।




प्रदेशसभाको बैठक शुरु हुनेबित्तिकै बिहीबार प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपाल र प्रतिपक्षी जनमत पार्टीका सांसदहरूले बजेटप्रति असन्तुष्टि जनाउँदै अवरोध गरेका थिए। त्यसक्रममा जसपा नेपालका सांसद उपेन्द्र महतो र जनमत पार्टीका सांसद संजयकुमार यादवले बजेट संशोधनको माग राख्दै सरकारमाथि संघीयताको मर्मविपरीत बजेट ल्याएको आरोप लगाए ।

सांसद यादवले सरकारले एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने प्रतिबद्धता जनाए पनि बजेटमा टुक्रे तथा राजनीतिक प्रभावका आधारमा योजना समावेश गरिएको आरोप लगाए। उनले सरकारले संसदलाई भ्रममा पारेको दाबी गर्दै बजेट संशोधन नभएसम्म सदन सञ्चालन हुन नदिने चेतावनी दिए।

जसपा नेपालका सांसद महतोले तीन दलीय गठबन्धन सरकारले संघीयतालाई कमजोर पार्ने प्रयास गरेको आरोप लगाए । संघीयता प्राप्तिका लागि मधेशका सयौं नागरिकले बलिदान दिएको स्मरण गराउँदै उनले वर्तमान सरकारले त्यसको भावना विपरीत काम गरिरहेको टिप्पणी गरे। उनले मुख्यमन्त्री कृष्णप्रसाद यादवको गृहजिल्लामा चालु आर्थिक वर्षको रातो किताबमै समावेश नभएका योजनाको समेत जेठ र असार १७ गते गरी करिब एक अर्ब ६६ करोड रुपैयाँ बराबरको ठेक्का आह्वान गरिएको दाबी गर्दै त्यसको प्रक्रिया र वैधानिकतामाथि प्रश्न उठाए ।

विपक्षीको अवरोधबीच अर्थमन्त्री युवराज भट्टराईले सभामुखसंग समय मागेर प्रदेश सरकारको धारणा राख्न खोजेका थिए । तर सभामुख रामअशिष यादवले सांसदहरूको धारणा सुनेलगत्तै बैठक अनिश्चितकालका लागि स्थगित गरेपछि अर्थमन्त्री युवराज भट्टराईले सदनमा आफ्नो जवाफ प्रस्तुत गर्ने मौका नै पाएनन् ।

त्यसपछि सार्वजनिक गरिएको आफ्नो लिखित धारणा मार्फत अर्थमन्त्री भट्टराईले सरकारले एक करोड रुपैयाँभन्दा कम लागतका योजना नराख्ने नीति लिएको स्पष्ट पारे । तर जनस्तरमा अत्यावश्यक रहेका समान प्रकृतिका केही साना आयोजनालाई सम्बन्धित मन्त्रालयमार्फत एकीकृत गरी प्रस्ताव गरिएको उनले बताए । यसबाट साना योजना नछुट्ने र कार्यान्वयन पनि प्रभावकारी हुने सरकारको विश्वास रहेको उनको भनाइ छ।

उनले यस्तो व्यवस्था संघीयताको मर्मविपरीत नभइ स्रोत साधनको वैज्ञानिक व्यवस्थापनका लागि गरिएको प्राविधिक अभ्यास मात्र भएको दाबी गरे । गत आर्थिक वर्षमा सम्पन्न हुन नसकेका क्रमागत आयोजनालाई निरन्तरता दिनुपर्ने दायित्व, वैदेशिक सहायता तथा दातृनिकायबाट सञ्चालित कार्यक्रमका लागि अनिवार्य 'म्याचिङ फन्ड' व्यवस्था गर्नुपर्ने बाध्यता लगायतका प्राविधिक कारणले विनियोजनमा केही साना योजना देखिएको उनले बताए ।

अर्थमन्त्री भट्टराईले मन्त्रालयहरूको कार्यविभाजनको सीमाभित्र रहेर नै कार्यक्रम समावेश गरिएको उल्लेख गर्दै कार्यान्वयनका क्रममा कुनै त्रुटि देखिए सरकारले आवश्यक सुधार गर्न तयार रहेको पनि बताएका छन् ।

यसअघि संसदको अवरोध हटाउन सभामुख यादवले सर्वदलीय बैठक बोलाएका थिए। तर सत्तारुढ र विपक्षी दुवै पक्षका केही दलका नेताहरू अनुपस्थित भएपछि बैठक बस्न सकेन । सत्तारुढ दल नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले आवश्यक सहभागिता नपुग्दा सर्वदलीय बैठक हुन नसकेको बताए।

बजेट संशोधनको विषयमा सरकार र विपक्षीबीच सहमति जुट्न नसकेपछि प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित गरिएको छ । अब दुवै पक्षबीच सहमति भएपछि मात्र बजेटमाथिको छलफल र प्रदेशसभाको नियमित कार्यसूची अघि बढ्ने देखिन्छ।

## कांग्रेस इतर समूहको राष्ट्रिय भेला हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापन इतर समूहले राष्ट्रिय भेला बोलाउने तयारीमा जुटेको छ ।

निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निवास गोल्फुटारमा शुक्रबार बसेको बैठकले असारभित्रै राष्ट्रिय भेला बोलाएर आगामी गन्तव्य तय गर्ने निष्कर्ष निकालेको नेता मीन विश्वकर्माले जानकारी दिए। यसका लागि असार २२ गते काठमाण्डुस्थित महाराजगञ्जको चुनदेवीमा खोलिएको सम्पर्क कार्यालयमा बस्ने बैठकले राष्ट्रिय भेलाको मिति तय गर्ने उनको भनाइ छ।

अब १५औं महाधिवेशनसम्बन्धी तयारीका गतिविधिहरू चुवदेवीको सम्पर्क कार्यालयबाट सञ्चालन गर्ने निर्णय भएको विश्वकर्माले बताए। उनले भने, 'निवर्तमान कार्यवाहक सभापतिको निवासमा हामी छलफल गऱ्यौं, यस छलफलको मुख्य कुरा के हो भने अब सम्पर्क कार्यालय बनाउने र चुनदेवीस्थित कार्यालयबाट १५औं महाधिवेशन तयारीका सन्दर्भमा छलफल र बैठक गर्ने निर्णय भएको छ।'

शुक्रबार भएको छलफलमा संस्थापन पक्षका नेताहरूसंग संवाद गरेका नेताहरूले 'ब्रिफिङ' गरेका थिए। 'पछिल्लो समय भएको भेटवार्ताबारे ब्रिफिङ भएको छ। संस्थापन पक्षसंग सार्थक वार्ता नभएको उहाँहरूले जानकारी गराउनुभयो,' उनले भने, 'संस्थापन पक्षका नेताहरू पार्टी मिलाउन गम्भीर नबनेको साझा निष्कर्ष थियो। अब आगामी गन्तव्यबारे राष्ट्रिय भेलाबाट निर्णय लिनुपर्छ भन्ने कुरा भएको छ।'

यस बैठकमा नेताहरू डा. शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र महालक्ष्मी उपाध्याय 'डिना' लगायत सहभागी रहेका थिए। त्यसैगरी, पूर्वगृहमन्त्री रमेश लेखक, नेताहरू डा. प्रकाशशरण महत, एनपी साउद, मीनबहादुर विश्वकर्मा, आनन्दप्रसाद ढुंगाना, मोहनबहादुर बस्नेत, वीरबहादुर बलायर र श्याम घिमिरे पनि सहभागी थिए।

बिहीबार पूर्वउपसभापति विमलेन्द्र निधिको निवासमा पनि कांग्रेस इतर समूहको बैठक बसेको थियो।




# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। महिना बारी प्राकृतिक चक्र ।।

नारी जीवनको सुन्दर मन्त्र
लाज होइन डर होइन
स्वच्छता नै यसको गहना हो।
सफा प्याड सफा कपडा
समय समयमा फेर्नुपर्छ
हात धुने बानी अपनाऔ
रोगबाट आफूलाई बचाउन
सफा पानी पोसिलो खाना
आरामले दिन्छ राम्रो ठेगाना
विद्यालय र घर दुवै ठाउँ
सम्मान र साथ पाइयोस् सधैं
छाउपडी र गलत सोच हटाऔ
ज्ञानको उज्यालो ज्योति फैलाऔ
महिनाबारीलाई सम्मान गरौं
सक्छ र सभ्य समाज बनाऔं।।



नाम निर्मला कुमारी शाह
कक्षा आठ
विद्यालय श्री मदन आश्रित आधारभूत विद्यालय सबैला ०१

## ।। महिनाबारी स्वच्छता ।।

महिनाबारी प्राकृतिक भाषा
नारी जीवनको मिठो आशा
रातो रङ्गमा लुकेको शक्ति
जीवन दिने सुन्दर भक्ति
हरेक महिना आउने पाहुना
नारी मनको साहसी गहना
दुखाईसँगै हाँस्न सिकाउँछ
संघर्षभित्र शक्ति जगाउँछ।
लाज होइन अपमान होइन
यो त नारीको सम्मान हो।
आमा बन्ने पवित्र बाटो
महिनाबारीकै वरदान हो।
सफा रहोस् स्वस्थ बनौ
गलत सोच सबै हटाऔ
ज्ञान माया र सम्मानले
उज्यालो समाज बनाउ।
महिनाबारी कमजोरी होइन
यो त नारीको पहिचान हो।
नारी शक्तिको सुन्दर फुल
संसारकै ठूलो सम्मान हो।।



नाम :नन्दनी कुमारी यादव
कक्षा: ७
विद्यालय: श्री मदन आश्रित आधारभूत विद्यालय सबैला ०१

## ।। प्रभुत्व स्वीकार्नु कि स्वाभिमान बचाउनु? ।।

प्रभुत्व कुनै व्यक्तिको शक्तिले मात्र टिक्दैन, त्यसलाई स्वीकार गर्ने मानसिकताले टिकाउँछ। जब मानिस आफ्नो विवेकलाई थन्क्याएर शक्तिको अगाडि नतमस्तक हुन्छ, त्यहींबाट स्वाभिमानको पतन सुरु हुन्छ। शिर झुकाउनु सजिलो हुन सक्छ, तर त्यसको मूल्य प्रायः आफ्नो आत्मसम्मान गुमाएर चुकाउनुपर्छ।

समाजमा अन्याय बढ्नुको कारण अन्यायी मात्र होइनन्; अन्याय देखेर पनि मौन बस्नेहरू पनि हुन्। डर, स्वार्थ वा अवसरको लोभमा सत्य बोल्न नसक्ने समाजले अन्ततः आफ्नो स्वतन्त्रता आफैं कमजोर बनाउँछ। मौनता धेरै पटक तटस्थता होइन, अन्यायलाई दिएको मौन सहमति हो।

लोकतन्त्रको आधार व्यक्तिपूजा होइन, विचारको स्वतन्त्रता हो। प्रश्न गर्ने अधिकार, असहमत हुने साहस र सत्यको पक्षमा उभिने चरित्र नै सचेत नागरिकको पहिचान हो। जहाँ प्रश्न गर्न डर लाग्छ, त्यहाँ स्वतन्त्रता विस्तारै समाप्त हुँदै जान्छ।

इतिहासले शक्तिशालीको वरिपरि घुम्नेहरूको नाम कमै सम्झन्छ। इतिहासले सम्झने त ती मानिसहरूलाई हो, जसले कठिन समयमै पनि आफ्नो विवेक बेचेनन्, सिद्धान्तसँग सम्झौता गरेनन् र सत्यको पक्षमा अडिग रहे। शक्ति अस्थायी हुन्छ, तर चरित्र स्थायी हुन्छ।

त्यसैले, हामीले रोज्ने बाटो स्पष्ट हुनुपर्छ। पदभन्दा सिद्धान्त, स्वार्थभन्दा सत्य र प्रभुत्वभन्दा स्वाभिमान ठूलो हो। डरका कारण मौन बस्नु भन्दा सत्यका लागि बोल्नु कठिन अवश्य हुन्छ, तर त्यही कठिन बाटोले भविष्य निर्माण गर्छ।

याद राखौं प्रभुत्वको आयु सीमित हुन्छ, तर स्वाभिमानको मूल्य पुस्तौंसम्म बाँच्छ।



चतुर शर्मा
सिरहा,औरही गाउँपालिका

## ।। किसान को पुकार ।।

हामी किसान विहान उठन साथ
खेती को काम कसरी गर्ने तिर
सोचछौ हामी कुट्टो हल्लो कोदालो
लिएर खेत तिर जान्छौ
खेतमा हल्लो कोदालो चलाउछौ
खेतमा बिभिन्न किसिमको अंण बालि
लगाउछौ् हामी ले उब्जाको अंण बालि
सारा संसारका मान्छे लाई खिल्उछौ
तर हाम्रो मेहनत पसीनाको मोल
कहाँ छ सरकार
न हामी लाई मल खाद को सुविधा
देको छौं नत हामी लाई पानी को
सिचाई देका छौ
तिमीहरु एक दिन किसानका
खेत मा धान रोपेर खुव धान
दिवस मनाका छौ
तर हामी दिन महिना बर्ष भरी
हाथ मा ठेला बनाएंर सधै खेति
किसानी काम गर्छु हाम्रो मेहनत
पसीनाको मोल कहिले हुन्छ सरकार



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। किसानको पीडा ।।

बिहानीको पहिलो किरणसँगै उठ्छ किसान,
आशाको भारी बोकी पुग्छ आफ्नो खेतबारीमा।
पसिनाले सिञ्चेको माटोले सुन फलाउँछ,
तर उसको आफ्नै घरमा भोकको धुवाँ बल्छ।
घामले पोल्छ, वर्षाले बगाउँछ,
कहिले असिना, कहिले खडेरीले सताउँछ।
जीवनभर माटोसँग लडिरहने यो योद्धा,
आफ्नै दुःख कसैलाई सुनाउन पनि डराउँछ।
ऋणको भारी काँधमा बोकेर हिँड्छ,
बैंकको किस्ता सम्झेर रातभर जाग्छ।
उसले उब्जाएको अन्नले देश पालिन्छ,
तर उसकै चुलोमा कहिलेकाहीँ आगो बाल्न गाह्रो पर्छ।
बजारमा पसिनाको मूल्य घटाइन्छ,
बिचौलियाले उसको सपना लुटाइन्छ।
मेहनतको मोल खोज्दै थाकेको किसान,
आँसु लुकाएर फेरि नयाँ बिहानी कुर्छ।
हे समाज, किसानको पीडा बुझिदेऊ,
उसको श्रमलाई उचित सम्मान दिऊ।
किनकि किसान हाँस्दा मात्र खेत हाँस्छ,
खेत हाँस्दा मात्र देश समृद्ध बन्छ।



लेखक : दिलीप कुमार दास
ठेगाना: धनुषाधाम -०४ लक्ष्मीपुर

## ।। होशियार ...।।

रगतको खोला बगाएर शहिदको अपमान गर्ने हरु
मान्छे मारेर आन्दोलन गरेर राजनैतिक गर्ने हरु
अब रगतको खोला नहोस्
माटोको आन्दोलन कुर्सी को निम्ति नहोस् ।
दाजुभाइ बीचमा जहिले दुश्मनी
त्यसैले, आउ सबैजना एकताको सुत्रमा ,
यो माटो अनि शहिदहरु खुशी हुनेछन् ।
होशियार ...?
नारीमाथि अन्याय र अत्याचार गर्नु हरु
खुलेआम नारी माथी बलात्कार भईरहेको छ।
बलात्कार को नाम गरेर राजनैतिक गर्ने हरु
भाषणमा नारी अनि चेलीबेटी बचाउ भन्छ ।
होशियार !!!
रास्ट्रवाद्को भाषण ओढेर इज्जत कमाउने हरु
जाउ तिमीहरु कुर्सी को राजनीति गर
घाम तिमिहरु छेक्न सक्दैनौं ।
नारी हरु पनि कमजोर छैन सुन , सरकार
अब नारी हरु यो देशको मन्त्री हुन पर्छ ।
बलात्कार गर्ने हरुको कानुन नारी ले बनाउन पर्छ ।
होशियार ! रगतको खोला बगाएर आन्दोलन गर्छु ।
भन्ने हरु खबरदारी ।
अब नारी तिमी हरु उठ,
चिया बगान बाट उठ,
घरको काम धन्दा पुरुष हरु लाई देउ,
आउ सडकमा ,
आन्दोलन को घोषणा गर
होशियार !!!



प्रेम शर्मा ' एकान्त प्रेमी '
कालेबुङ

## ।। दहेज ।।

तोहर एगो स्पलेन्डरके लागि
कोइ दिन राइत पसिना बहबै है।
सुनै छियै कोइ दहेज लेबे नै करै है
मुद्दा दहेज किया दिय परै है।
लेकिन वहि दहेज के लेल
कोइ दिन राइत पसिना बहबै है।।
भिख मे मिलल सोना पर
घर के नया जमाइ अग्राइ है।
पुतौह नै बेटि है हमर कहिक
एहन ब्यहवार किया करै है।
सुनै छियै कोइ दहेज लेबे नै करै है
मुद्दा दहेज किया दिय परै है।
हम्रो बियाह करके है बहिनके
कोइ त बताउ कत्ते खर्चा लगै है।
कि अप्पन जिवन,कि अप्पन जमिर
कि जमिन बनहकी लगाब परै है।
लेकिन वहि दहेज के लेल
कोइ दिन राइत पसिना बहबै है।।
सुनै छियै कोइ दहेज लेबे नै करै है
मुद्दा दहेज किया दिय परै है।
लेकिन वहि दहेज के लेल
कोइ दिन राइत पसिना बहबै है।।



रचनाकार : सन्दिप कुमार महतो
ठेगाना :बर्दिबस न पा १२ बिजलपुरा
हाल: गौशाला न पा १ रामनगर

## ।। धुम्र पानले लिन्छ जान ।।

धुवाँको मुस्लो भित्र लुकेको छ कालो काल
नशाको यो चोलामा नफसाउ आफ्नो जान
एक फेरिको तानले भित्रभित्रै उठ्छ फोक्सो
बुझ्दैन किन मान्छे यो त छ ठूलो रोगको झुसको
एक छन्को यो आनन्द भोलिको ठूलो नासो
बुवा आमा भाइबहिनीको आँखामा आउने आँसु
खोकीले छाती दुख्छ। दमले साँस रोक्छ
धुमपानकै कारणले जिन्दगी बीचमै सक्छ
पैसा पनि सकिने ज्यान पनि जाने
किन होला फेरि मान्छे त्यसैलाई मिठो मान्ने
सलाईको बुट्टासँगै आयो पनि बलिरहन्छ।
भित्रभित्रै मान्छे यहाँ मृत्युतिर ढल्किरहन्छ।
मन मस्तिष्कमा चेतना जगाउ छोडिदेउ यस्तो बानी
धुमपान छाडे मात्र हुन्छ जीवनको आम्दानी
स्वास्थ्य बन्ने खुसी बन्ने फ्यालिदेउ त्यो चुरोट
सही खुसी बाँचो बरु बदलेर आफ्नो बानी।।



नाम दिलकुमार सदा
कक्षा आठ
विद्यालय: श्री मदन आश्रित आधारभूत विद्यालय सबैला०१

## ।। म त धेरै घुमे ।।

म त धेरै घुमे,
हिमाल, पहाड, तराई।
चिहाएँ,देखैं प्रकृतिको गहिराइ।
म त धेरै घुमे,
गाउँ र सहर डुलैं।
नयाँ साथी भेटैं,
जीवनका पाठ सिकैं।
म त धेरै घुमे,मन्दिर,
गुम्बा र चौतारी।
सबै धर्म र संस्कृतिमा,
देखैं प्रेमको उज्यारी।
म त धेरै घुमे,
पूर्वदेखि पश्चिमसम्म।
नेपाल आमाको सुन्दरतामा,
हराएँ मनको हरक्षण।
म त धेरै घुमे,
तर एउटा सत्य पाएँ।
आफ्नो देशभन्दा प्यारो,
कतै पनि नपाएँ।



लेखक: - अनित कुमार मण्डल
जनकपुरधाम -२५

## ।। निको हुदै छ तिमिले दिएको घाउ ।।

निको हुँदै छ तिमिले दिएको घाउ
बिन्ती मेरो यही छ तिमि फेरि मेरो नजिक नआउ
देखियौ संसार तिमी. अब कतै अन्तै जाउ
३ निको हुदै छ तिमिले दिएको घाउ ३
के के न हरायो के के न छिन्यो केवल तिम्रो मायामा
म अनन्तै खुशी त थिए तिम्रो पछ्यौरिको छायामा
तर तिमीले षड्यन्त्र रच्यौ अरुको कायामा
बडो मुस्किलले पाएछु म आफ्नो गुमाएका नाउ
३निको हुदै छ तिमिले दिएको घाउ
बिन्ती यहि छ अब तिमि फर्केर न आउ ३
म पनि भुल्ने छु तर तिमी जतिको त हैन शायद
अरुको नाम तिमी लिए थियौ म हैन शायद
रहने छ कर्म तिम्रो मेरो मनको आङनमा
म रोए तिमी हास्यौ ठिक छ अबदेखि उ लाई नै हसाउ
बिन्ती यही छ तिमि फेरि फर्केर नआउ
३निको हुदै छ तिमिले दिएको घाउ ३
स्मरण रहने छ तिम्रो त्यो एक झुठो बानी
जहाँ तिमी भन्थैउ मलाई एकचोटी हसाएर जाउ
खाली रहने छ मेरो मनमा तिम्रा लागि त्यो ठाउँ
बिन्ती छ तिमी फेरि फर्केर म तिर फेरि नआउ
३ निको हुदै छ तिमिले दिएको त्यो घाउ ३



नाम सिनेही साह

## ।। अधुरो प्रेम ।।

तिमीलाई पाउनु मेरो सपना थियो,
तिमीलाई गुमाउनु मेरो भाग्य बन्यो।
मायाका हजारौं कथा सुनें मैले,
तर हाम्रो कथा अधुरो अध्याय बन्यो।
आज पनि त्यो बाटोमा हिँड्छु,
जहाँ तिम्रो हात समातेको थिएँ,
समय बदलियो, मौसम फेरियो,
तर मनले तिमीलाई छोड्न सकेन।
रातको सन्नाटामा जब चन्द्रमा उदाउँछ,
तिम्रो यादले फेरि मन भिजाउँछ,
आँसु पुछ्न खोज्छु बारम्बार,
तर पीडाले फेरि आँखाभरि आँसु ल्याउँछ।
तिमी खुसी रहोस् जहाँ भए पनि,
मेरो शुभकामना सधैं तिमीसँग छ,
तर एउटा कुरा मनले अझै सोध्छ–
“यदि माया साँचो थियो भने,
हामी किन सँगै हुन सकेनौं?“



नाम: ईन्द्र कुमार महतो
ठेकाना: गौशाला नगरपालिका वडा नम्बर ८ महोत्तरी
हाल बसाई: काठमाडौं

## ।। दु:ख मा टाढा हुने संसार देखेछु ।।

मैले चोट देखेको छु ,पीडा अनि हार देखेको छु :
संघर्षको बाटोमा पनि मैले काँडेतार देखेको छुः:
सयौं जुनि एकसाथ बिताउला भन्ने हरुले पनिः
अनेक बहाना बनाइ गरेको मारामार देखेको छुः:
सुख पर्दा यौटै थालमा खान खोज्नेहरुको पनिः
दुख पर्दा भएको त्यो पानी बाराबार देखेको छुः:
आफू जलेर मात्र कहाँ हुदो रैछ र जिन्दगीमाः
सफल नहुदा जिन्दगी मैले लाचार देखेको छुः:
तिम्रो भलो चाहँदा चाहँदै मरेभने माफ गरिदिनुः
अनजानमा मैले केहि गल्ती गरेभने माफ गरिदिनुः:
सुख दुख नभनी कोसिस गरेकै हु मैले साथ रहनः
तिमिलाई छोडी सात समुन्द्र तरेभने माफ गरिदिनुः:
खै किन उजाड उजाड लाग्छ जिन्दगी आज भोलिः
यदि मै पहिला स्वर्गको बाटो सरेभने माफ गरिदिनुः:
कसलाई थाहा छ र कें हुन्छ कतिबेला जिन्दगीमाः
तिम्रो जन्ती मेरो मलामी सँगै परेभने माफ गरिदिनुः:
बिरेन्द्र कुमार चौधरी
धनुषा,हरिहरपुर



प्रेम शर्मा ' एकान्त प्रेमी '
कालेबुङ

# कारागारमा प्रहरीको गोली लागेर प्रहरी नै घाइते




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजस्थित कारागार कार्यालयमा प्रहरीको गोली लागेर एक प्रहरी जवान घाइते भएको छ । ड्युटीमा रहेका एक प्रहरी जवानको एसएलआर राइफलबाट अचानक गोली चल्दा एक प्रहरी जवान घाइते भएका छन् ।

घटनापछि संलग्न प्रहरी जवानलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार बुधबार राति राजविराज नगरपालिका-६ स्थित कारागारको 'ए' ब्लकअन्तर्गत पोस्ट नं. ३ मा खटिएका नेपाल प्रहरी विशेष सुरक्षा गण, ढल्केबर धनुषा दरबन्दीका २२ वर्षीय प्रहरी जवान बिसोजित राय घाइते भएका हुन् ।

राति १० बजेदेखि २ बजेसम्मको ड्युटीमा रहेका राय शौचालयबाट पोस्टतर्फ फर्किने क्रममा पोस्ट नं. ४ मा खटिएका २२ वर्षीय प्रहरी जवान अजयकुमार महतोको हातमा रहेको एसएलआर राइफलबाट अचानक एक राउन्ड गोली चलेको प्रहरीले जनाएको छ ।

गोली लागेर कम्मरमाथिको ढाडमा घाइते भएका रायलाई तत्काल उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो ।

त्यहाँ प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान रेफर गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले घटनाको पुष्टि गर्दै तत्कालै घटनामा संलग्न प्रहरी जवान महतोलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरिएको जानकारी दिएका छन् । घाइते प्रहरी जवान रायको स्वास्थ्य अवस्था भने हाल सामान्य रहेको कारागारले जनाएको छ ।

## मकै उत्पादन बढ्यो

डुम्रे । व्यास नगरपालिका-१० दुम्सीस्थित दरै सामुदायिक घरबास (होमस्टे) पुग्नेबित्तिकै अग्ला मकैका माच देखिन्छन् । यहाँ आउने जोकोही थाङ्गो देखेर अचम्म मान्छन् ।

दरै सामुदायिक घरबासका सञ्चालक आशा दरै भन्नुहुन्छ, "यही माचमा फोटो खिच्न र टिकटक बनाउन पाहुनाहरू व्यस्त हुन्छन् । विगतका वर्षमा ठूलो सुली भए पनि एउटा मात्रै थियो । यस वर्ष धेरै मकै फल्यो सुली पनि विशाल छ ।" यो वर्ष पर्याप्त उत्पादन भएका दुम्सीका घरैपिच्छे मकैका सुली भेटिन्छन् ।

विगतमा मकै लगाउने बेला तथा गोड्ने बेलामा किरा लाग्नुका साथै मलको अभाव किसानले बेहोर्नुपरेको थियो । यो वर्ष समस्या नभएकाले जिल्लामा पर्याप्त मकै उत्पादन भएको कृषि विकास कार्यालयका बाली विकास अधिकृत किरण परियारले बताउनुभयो ।

आव २०७९/८० मा २२ हजार २३८ हेक्टर क्षेत्रफलमा गरिएको मकैखेतीबाट ६७ हजार १५ मेट्रिक टन उत्पादन भएको थियो । २०८०/८१ मा २२ हजार ३४८ हेक्टर क्षेत्रफलबाट ६७ हजार २०० मेट्रिक टन मकै उत्पादन भएको थियो भने उत्पादकत्व तीन दशमलव ०१ रहेको थियो । रासस

# ६६ गाडीको कालो सिसा हटाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । कानून विपरित गाडीमा प्रयोग गरिएका कालो सिसा (टिन्टेड ग्लास) तथा कालो स्टीकर हटाउने अभियान धनुषा ट्राफिकले तिव्र पारेका छ्न ।

जिल्ला ट्राफिक कार्यालय धनुषाका अनुसार बुधवारदेखि संचालन गरिएको कालो सिसा हटाउने अभियान अन्तर्गत १२१ वटा गाडीको चेकजाँच गरिएकोमा ६६ वटा गाडीको कालो सिसा तथा स्टीकर हटाइएको छ ।



अभियानको क्रममा पहिलो दिन १७ गते २२ वटा , १८ गते १४ वटा र १९ ३० वटा गते गाडीको कालो सीसा तथा स्टीकर हटाइएको ट्राफिक प्रमुख खगेन्द्र दाहालले जनाएको छ ।

उनले भने यस क्रममा ५५ वटा गाडी धनीलाई सम्झाई बुझाई सचेत गराइएको हो । राष्ट्रपति र प्रधानमन्त्री बाहेक अन्य कुनै पनि विशिष्ट व्यक्ति वा सर्वसाधारणले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १२ बमोजिम आवश्यक प्रक्रिया पूरा गरी नियमानुसार धरौटी राखेर अधिकतम २० प्रतिशतसम्म मात्र टिन्टेड ग्लास प्रयोग गर्न पाउने व्यवस्था रहेको छ ।

कालो सिसा तथा कालो स्टिकरको दुरुपयोगबाट हुन सक्ने आपराधिक गतिविधि, अवैध कारोबार, फरार अपराधीको आवागमन, हतियार ओसारपसार तथा शंकास्पद व्यक्तिको पहिचानमा कठिनाइ हुने भएकाले यस्ता गतिविधि नियन्त्रण गर्न अभियान सञ्चालन गरिएको प्रमुख दाहालले जनाएको छ ।

सवारीधनी तथा चालकलाई कानुनविपरीत कालो सिसा वा कालो स्टिकर प्रयोग नगर्न आग्रह गर्दै आगामी दिनमा पनि यस्ता अभियानलाई निरन्तरता दिइने उनले जनाएको छ ।

# गोली हानेर लागू औषध तस्कर पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले लागू औषध तस्कर आरोपमा गोली चलाएर एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ परेका व्यक्तिको खुट्टामा गोली लागेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा भारतको बिहार राज्यको मधुवनी जिल्ला निवासी अन्दाजी २४ वर्षीय अब्दुल कलाम रहेका छन् । उनको खुट्टामा गोली लागेपछि प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।



जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार नवराजपुर गाउँपालिका-४ मा लागूऔषधको कारोबार भइरहेको विशेष सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो ।

घटनास्थलमा पुगेर संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले प्रहरीमाथि प्रतिरोध गरेपछि परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको जनाएको छ। गोली लागेर घाइते भएका कलामलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहामा भर्ना गरिएको छ ।

उपचारको क्रममा रहेका अब्दुलको अवस्था समान्य रहेको उपचार जारी रहेको सिरहा प्रहरीले जनाएको छ । पक्राउ परेका व्यक्तिको साथबाट प्लास्टिकसहित १२२.८० ग्राम ब्राउन सुगर जस्तो देखिने लागूऔषध बरामद गरिएको जनाइएको छ । बरामद पदार्थको परीक्षण तथा घटनामा अन्य व्यक्तिको संलग्नताबारे थप अनुसन्धान भइरहेको छ ।

यसअघि पनि केही दिनअघि सिरहा प्रहरीले लागूऔषध नियन्त्रण अभियानकै क्रममा गोली चलाएर दुई भारतीय लागूऔषध कारोबारीलाई पक्राउ गरेको थियो । पछिल्ला दिनमा भारतसँग जोडिएको सीमावर्ती क्षेत्रमा लागूऔषध कारोबार नियन्त्रणका लागि प्रहरीले निगरानी र कारबाहीलाई थप कडा बनाएको जनाएको छ ।

## बर्खे धानको समर्थन मूल्य नपाएको किसानको गुनासो

चितवन । यहाँका किसानले बर्खे धानको समर्थन मूल्य नपाएको गुनासो गरेका छन् । वाग्मती प्रदेश सरकारले तोकेको मूल्य आफूहरूले नपाएको उनीहरूको गुनासो छ ।

प्रदेश सरकारले प्रतिक्विन्टल मोटा धानको न्यूनतम समर्थन मूल्य रु तीन हजार ४६३ र मध्यमको रु तीन हजार ६२८ प्रतिक्विन्टल तोकेको भए पनि यहाँका किसानले निर्धारित मूल्यअनुसार धान बिक्री नभएको बताएका छन् । माडी नगरपालिका-३ का किसान ओमप्रकाश महतो अहिले आफूहरुले प्रतिक्विन्टल मोटा धान रु दुई हजार ६०० र मध्यम धानको रु तीन हजार १०० मा बिक्री गर्नुपरेको गुनासो गर्नुभयो ।

भरतपुर महानगरपालिका-९ शरदपुरका किसान वेदप्रकाश सापकोटा व्यवसायीले तोकेको मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो ।रासस

# सिटिजन्स बैंकद्वारा वृद्धाश्रममा खाद्यान्न वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत जानकी वृद्धाश्रमलाई सिटिजन बैंक लिमिटेडको जनकपुरधाम शाखाले खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री हस्तान्तरण गरेको छ ।



जनकपुरधामउपमहानगरपालिका-८ स्थित वृद्धाश्रममा शुक्रबार एक कार्यक्रम आयोजना गरी बैंकका प्रतिनिधिहरूले करिब २७ हजार रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरेका हुन् ।

बैंकका अनुसार वृद्धाश्रमलाई ८ थान सिलिङ फ्यान, १८ थान साडी, २ कार्टुन फ्रुटी, सोयाबिन, चना, बिस्कुट लगायतका खाद्यान्न तथा दैनिक आवश्यक सामग्री उपलब्ध गराइएको हो ।

कार्यक्रममा बोल्दै बैंकका मधेश प्रदेश प्रमुख नितेश खड्कीले सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले समाजका विभिन्न क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको उल्लेख गरे । उनले ज्येष्ठ नागरिक, विपन्न तथा सहयोग आवश्यक समुदायप्रति सहयोग पुऱ्याउनु बैंकको सामाजिक दायित्व भएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए ।

त्यसैगरी, बैंकका जनकपुरधाम शाखा प्रमुख अभय ठाकुरले सीएसआर कार्यक्रमले बैंक र समुदायबीचको सम्बन्धलाई थप मजबुत बनाउने धारणा राखे । उनले आवश्यकता अनुसार समाजका विभिन्न क्षेत्रलाई सहयोग गर्ने कार्यलाई बैंकले प्राथमिकतामा राखेको बताए ।

जानकी वृद्धाश्रमका लेखापाल रमेश मिश्रले बैंकले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता सहयोगले वृद्धाश्रम सञ्चालनमा महत्वपूर्ण टेवा पुग्ने बताए । उनले आश्रित ज्येष्ठ नागरिकहरूको दैनिक व्यवस्थापनमा यसले सहजता ल्याउने बताएका छन् ।

कार्यक्रममा सहभागीहरूले निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले शिक्षा, स्वास्थ्य, ज्येष्ठ नागरिक, वातावरण संरक्षण तथा विपन्न समुदायको हितमा अझ सक्रिय रूपमा सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड समेत दिएका छन् ।


## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी 30 तिस दिने सार्वजनिक सूचना

जि.धनुषा शहिदनगर नगरपालिका वडा नं.३ मा घर भै हाल जिल्ला सिरहा करजन्हा नगरपालिका वडा नं.१ मा बस्ने स्व. रामु कापरको श्रीमती जिवछी देवी केवटिन वादी र जिल्ला धनुषा पचहर्वा गा.वि.स.वडा नं.२ हाल शहिदनगर नगरपालिका वडा नं.५ मा बस्ने श्याम साह हलुवाईको श्रीमती वर्ष ३८ की सुनिता देवी-१ प्रतिवादी भई कार्यबाहीयुक्त अवस्थामा रहेको मि.नं.७८ डा.मि.२०७८/०१/२५ गतेको मोही नामसारी मुद्दामा विपक्षी नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा प्रतिवादी जग्गाधनी नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि मिति २०८३/०२/०१ मा भएको आदेशानुसार तपाई ज.ध. सुनिता देवी-१ नाउँमा यो म्याद सरहको ३० तिस दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ ।अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बस्मा कानून बमोजिम जग्गा मोही नामसारी हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | पचहवा | १ | ७९५ | ०-२-० | सुनिता देवी |

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी 30 तिस दिने सार्वजनिक सूचना

जि.धनुषा शहिदनगर नगरपालिका वडा नं.३ मा घर भै हाल जिल्ला सिरहा करजन्हा नगरपालिका वडा नं.१ मा बस्ने स्व. रामु कापरको श्रीमती जिवछी देवी केवटिन वादी र जिल्ला धनुषा पचहर्वा गा.वि.स.वडा नं.२ हाल शहिदनगर नगरपालिका वडा नं.५ मा बस्ने मधुसुदन साहको श्रीमती वर्ष ३७ की राजवती देवी प्रतिवादी भई कार्यबाहीयुक्त अवस्थामा रहेको मि.नं.७७ डा.मि.२०७८/०१/२५ गतेको मोही नामसारी मुद्दामा विपक्षी नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा प्रतिवादी जग्गाधनी नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि मिति २०८३/०२/०१ मा भएको आदेशानुसार तपाई ज.ध. राजवती देवी-१ नाउँमा यो म्याद सरहको ३० तिस दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ ।अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बस्मा कानून बमोजिम जग्गा मोही नामसारी हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।



**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | पचहर्वा | १ | ७९४ | ०-२-० | राजवती देवी |

## धितोमा रहेको चल/अचल सम्पति बोलपत्र मार्फत लिलाम बिक्रि गरिने बारे ३५ दिने सार्वजनिक सूचना ३५

(प्रकाशन मितिः २०८३-०३-१९ जनकपुर टुडे)

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज संस्थासंग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा बेवास्था गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले ऋणको मिति साँवा चुक्ता/भुक्तान गर्नको लागी सम्पूर्ण प्रक्रिया पुरा गरी जनकपुर टुडे दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको सार्वजनिक सुचना मिति २०८३/०१/०९ गते प्रकाशित गर्दा समेत कर्जाको साँवा ब्याज भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भई ऋण लिंदाको बखत गर्नु भएको सम्पूर्ण शर्त बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिंदाको बखत सुरक्षण वापत धितो लेखीदिएको तपसिल बमोजिमको चल/अचल सम्पति जे जस्तो अवस्था र परिणाममा छ सोही अबस्थामा नै प्रचलित कानुनको अधिनमा रही बोलपत्र मार्फत लिलाम बिक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि ३५ (पैतिस) दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको तपसिल बमोजिमको सम्पति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक ब्यक्ति, फर्म कम्पनि वा अन्य संघ संस्थाले यो सुचना प्रकाशित भएको ३५ (पैतिस) दिन सो दिन सार्बजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको दिनको कार्यालय समय भित्र बोलपत्र फाममा उल्लेखित सर्त बन्देजको अधिनमा रही रितपुर्वक बोलपत्र फारम भरी यस संस्थाको के. का. सम्बन्धित सेवा केन्द्र कार्यालय भगवानपुरमा आईपुग्ने गरी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पति लिलाम बिक्रि हुन नसकेका वा लिलाम बिक्रि गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४ नियमावली २०७५ तथा यस संस्थाको संसोधित ऋण असुली नियममावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानिकर्ताको अन्य चल/अचल सम्पति जायजेथा समेत खोज तलास गरी असुल हुने र बाँकी रहेको लेना रकम सो सम्पति बाट असुल उपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, जमानिकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सुचना केन्द्रको कालो सुचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गरीन्छ ।

| ऋणी सदस्यको नाम तथा विवरण | ऋणीका फोटो | जमानतकर्ताको नाम तथा विवरण | जमानतकर्ताको फोटो | सुरक्षण लेखी दिएको घरजग्गा |
|---|---|---|---|---|
| नामः सुलेखा कुमारी यादव<br>श्रीमान्ः विरेन्द्र कुमार यादव<br>बुबाः योगानन्द यादव<br>ससुराः विन्देश्वर गदी यादव<br>ना.प्र.प.नं.: ६००१/३६९/७८९, सिराहा<br>ठेगानाः इनर्वा ५, सिराहा<br>हालको ठेगानाः लहान न.पा. ६, सिराहा |  | नामः विरेन्द्र कुमार यादव<br>श्रीमतीः सुलेखा कुमारी यादव<br>बुबाः विन्देश्वर गदी यादव<br>बाजेः अच्छे गदी यादव<br>ना.प्र.प.नं.: ७६२८२१३५, सिराहा<br>ठेगानाः राजपुर ७, सिराहा<br>हालको ठेगानाः लहान न.पा. ६, सिराहा |  | ऋणी सुलेखा कुमारी यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा लहान नगरपालिकाको लहान बजार ४क कित्ता नं. १०६९ को क्षेत्रफल ०-०-७.५-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम :-चन्द्रशेखर यादव<br>श्रीमतीः-राम दुलारी देवी यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.:-२८०,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | नाम :-पवन कुमार यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.:-७०/२२७,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | ऋणी चन्द्रशेखर यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा महदेवा पोर्ताहा ३क को कित्ता न. ६०२ को क्षेत्रफल ०-१८-१० र जिल्ला सिराहा महदेवा पोर्ताहा ३क को कित्ता न. ५९१ को क्षेत्रफल ०-०-१९ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम :-पवन कुमार यादव<br>श्रीमतीः-पिंकी कुमारी यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.:-७०/२२७,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | नाम :-चन्द्रशेखर यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.:-२८०,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | ऋणी पवन कुमार यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा महदेवा पोर्ताहा ४ को कित्ता न. ७७,७९,८६को क्षेत्रफल ०-१-८,०-०-१४,०-३-१६र जिल्ला सिराहा महदेवा पोर्ताहा ३ को कित्ता न. १००१,६०५को क्षेत्रफल ०-२-१३,०-२-१६ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम :- फेकु यादव<br>बुवाः-रास लाल यादव<br>बाजेः-बुनी लाल यादव<br>न.प्र.न.:-१८३/३,सिराहा<br>ठेगानाः-लक्ष्मीपुरपतारी-०३,महेशपुर |  | नाम :-सितल प्रसाद यादव<br>श्रीमतीः- अमर कला यादव<br>बुवाः-रास लाल यादव<br>बाजेः-बुनी लाल यादव<br>न.प्र.न.:-३५५,सिराहा<br>ठेगानाः-लक्ष्मीपुरपतारी-०३,महेशपुर |  | ऋणी फेकु यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा गा.बि.स.महेशपुर हरिनगर ९ को कित्ता न. ३९६को क्षेत्रफल १-६--१५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः बिन्देस्वर साहु सुडी<br>श्रीमतीः राम कुमारी साह<br>बुबाः योगेन्द्र साह<br>बाजेः नन्दु साह<br>ना.प्र.प.नं.३८२, सिराहा<br>डेगानाः सितापुर-५,<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०६, सितापुर |  | नामः राम कुमारी साह<br>बुबाः ढुखी साह सुडी<br>ससुरोः योगेन्द्र साह<br>ना.प्र.प.नं.: १५३०११/५०६,सिराहा<br>ठेगानाः सितापुर-०५, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०६, सिराहा |  | ऋणी बिन्देस्वर साहु सुडीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सितापुर प्र ध -०५ को कित्ता नं. १३८८, १३८५, ९०६ को क्षेत्रफल ०-०-१, ०-०-१.५,०, ०-०-२.५० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सुद्धी ठाकुर<br>बुबाः अवधि ठाकुर बरही<br>बाजेः वरेसपैत ठाकुर<br>ना.प्र.प.नं.: ५८४२६८४, सिराहा<br>ठेगानाः मझौरा ९, सिराहा<br>हालको ठेगानाः नवराजपुर गापा २, सिराहा |  | नामः पलट शर्मा<br>बुबाः सुद्धी ठाकुर<br>बाजेः अवधि ठाकुर बरही<br>ना.प्र.प.नं.: २३०३७/८१, सिराहा<br>ठेगानाः मझौरा ९, सिराहा<br>हालको ठेगानाः नवराजपुर गापा २, सिराहा |  | ऋणी सुद्धि ठाकुरको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सोठियाइन ६ को कित्ता नं. ७६१, ७४३, ७४८ को क्षेत्रफल त्रमश ०-३-१६, ०-२-१६.५, ०-३-५ र सोठियाइन ६ख को कित्ता नं. ६९६ को क्षेत्रफल ०-२-१३ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सितली देवी साफी<br>श्रीमान्ः सहदेव साफी धोवी<br>बुबाः मोहिती साफी धोवी<br>ससुराः सिताराम साफी<br>ना.प्र.प.नं.: २२८३/१५ सिराहा<br>ठेगानाः पिप्रा प्र ध -०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | नामः सहदेव साफी धोवी<br>श्रीमतीः सितली देवी साफी<br>बुबाः सिताराम साफी<br>ना.प्र.प.नं.: ३६९४/२७०/८४२<br>ठेगानाः पिप्रा प्र ध -०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | ऋणी सितली देवी साफीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा पिप्रा प्र ध. वार्ड न.०२ कित्ता नं. ७४० को क्षेत्रफल ०-०-५, जिल्ला सिराहा गा.बि.स. पिप्रा प्र ध वार्ड न.०२ को कित्ता नं. ७०६ को क्षेत्रफल ०-०-१५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत. |
| नामः-रामपरी यदवनी<br>श्रीमान :-मुगा लाल यादव<br>बुवाः-सीता राम यादव<br>ससुराः-चिरंजी लाल यादव<br>न.प्र.न.:-१५४७१३६८, सिराहा<br>ठेगानाः-बरियारपट्टी-०४ सोहपुर |  | | | ऋणी रामपरी यदवनीको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा सिग्राही मटियर्वा १ क को कित्ता न. १३१० को क्षेत्रफल ०-१-०, को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |

**लिलाम बिक्री सम्बन्धित अन्य शर्त बन्देजहरू :-**

१. लिलाम बिक्रि सम्बन्धित शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको प्रधान कार्यालय लहान सिरहाबाट रु १००० (फिर्ता न हुनेगरी) बुझाई प्राप्त गर्न सकिने छ ।
२. लिलाम बिक्रि सम्बन्धी सम्पूर्ण शर्त बन्देजहरु बोलपत्र फारामको सी.न. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ ।
३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा स्वीकृत गर्ने सम्बन्धित सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
४. लिलाम हुने सम्पति निरीक्षण अबलोकन गर्ने र लिलाम सम्बन्धि बिस्तृत जानकारी लिन आवश्यक ठानेमा प्रधान कार्यालय लाहानमा सम्पर्क राखन सकिनेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानातकर्ता, धितो सुरक्षण दिनुहुने ब्यक्ति , बोलपत्रदाता तथा सम्बन्धित सबैलाई सम्बन्धित प्रधान कार्यालय लाहान सिराहामा उपस्थित हुनको लागि समेत जानकारी गरीन्छ । तथापी सम्बन्धित ब्यक्ति उपस्थित नभएमा बोलपत्र खोल्न बाध्य पर्ने छैन ।
६. बोलपत्र खोलिने दिन सार्बजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको दिन सोही समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पूर्ण शर्त लागु हुनेछ ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सकिनेछ ।

**पुन्श्चय** :- उल्लेखित धितो लेखिदिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफै साकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्रि भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुरबाजुर गर्ने पाउनुहुने छैन ।

**जन उत्थान बचत तथा ऋण सहकारी संस्था लि.**
लहान ३, सिराहा, ०३३ ५६२४८८

# गृहमन्त्रीको होटल रेष्टरेन्टहरुमा अनुगमन अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । होटल तथा रेष्टुरेन्टमा अस्वच्छ तथा अखाद्य वस्तुको प्रयोग भइरहेको भन्ने गुनासो बढ्न थालेपछि मधेश प्रदेश सरकारले बजार अनुगमनलाई तीव्र बनाएको छ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा बिहीबारदेखि धनुषाका विभिन्न होटल तथा रेष्टुरेन्टमा स्थलगत निरीक्षण सुरु गरिएको हो ।

मन्त्री महतो स्वयं सुरक्षा टोलीसहित जनकपुरधाम तथा धनुषाका विभिन्न स्थानमा पुगेर खाद्य स्वच्छता, सरसफाइ, सेवा प्रवाह, खाद्य पदार्थको गुणस्तर तथा उपभोक्ता हितसम्बन्धी मापदण्डको निरीक्षण गरिरहेका छन्। दुई दिनको अवधिमा १० वटा होटल तथा रेष्टुरेन्टको अनुगमन गरिएको जनाइएको छ।



अनुगमनका क्रममा मापदण्ड विपरीत सञ्चालन भइरहेको पाइएपछि चार होटललाई कुल १ लाख ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। लक्ष्मीनियास्थित बाबाको ढाबा लाई ३५ हजार रुपैयाँ, ढल्केबरस्थित द रोयाल सम्राट लाई ५ हजार रुपैयाँ, जनकपुरधामस्थित बाजेको सेकुवा लाई ७५ हजार रुपैयाँ तथा बर्गर हाउस लाई ३५ हजार रुपैयाँ जरिवाना गरिएको मन्त्री महतोले जानकारी दिए।

निरीक्षणका क्रममा केही होटलमा सरसफाइको अवस्था कमजोर रहेको, खाद्य सामग्री सुरक्षित रूपमा भण्डारण नगरिएको तथा उपभोक्ता संरक्षणसम्बन्धी आवश्यक मापदण्ड पूर्ण रूपमा कार्यान्वयन नभएको भेटिएको उनले बताए । त्यस्ता व्यवसायीलाई तत्काल कमजोरी सुधार गर्न निर्देशन दिँदै आगामी दिनमा नियमको पूर्ण पालना गर्न सचेतसमेत गराइएको छ।

मन्त्री महतोले होटल तथा रेष्टुरेन्टले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले खाद्य सुरक्षा र स्वच्छतासम्बन्धी सबै कानुनी मापदण्ड कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिएका छन् ।

नियम उल्लंघन गर्ने व्यवसायीमाथि आगामी दिनमा पनि कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिँदै उनले उपभोक्ताको हित संरक्षण र खाद्य सेवाको गुणस्तर अभिवृद्धिका लागि यस्ता अनुगमन अभियानलाई निरन्तर सञ्चालन गरिने बताए ।

# ओझेलमा नेपालको खजुराहो

ब्लग :



श्यामसुन्दर शशि

जानकी मन्दिरभन्दा ५९ वर्ष अघि निर्माण भएको पूर्वी धनुषास्थित जनकनन्दनी गाउँपालिकाको खजुरीमा निर्माण भएको लक्ष्मीनारायण मन्दिर ओझेलमा परेको छ । भारत, मध्यप्रदेशको प्रसिद्ध खजुराहो शैलीका मूर्तिहरु भएको उक्त खजुराहो मन्दिरको संरक्षण तथा प्रचार प्रसार गरेर विश्वभरिकै पर्यटकलाई आकर्षित गर्न सक्ने सम्भावना छ। जनकनन्दी गाउँपालिकाको खजुरीमा अवस्थित उक्त मन्दिरकै कारण गाउँको नाम खजुरी पर्न गएको संस्कृतिविद्हरुको दाबी छ।

खजुरी पूर्वी धनुषाको ऐतिहासिक गाउँ हो। यस गाउँको ख्याती प्याजी र फुटबलको लागि छ । यहाँको सुस्वादु तथा फरक स्वादको प्याजी देश विदेशमा लोकप्रिय छ । यस गाउँका अनेकौं खेलाडी राष्ट्रिय फुटवल टिमबाट खेलिसकेका छन् । तर यस गाउँको विशेष पहिचान हो- लक्ष्मीनारायण मन्दिर । मध्य प्रदेशको खजुराहो मन्दिरमा निर्मित मूर्तिको शैली र लक्ष्मीनारायण मन्दिरमा स्थापित मूर्तिहरुको शैली उस्ता उस्तै छन् । मूर्तिहरुको समानताको कारण साहित्यकार डा. राजेन्द्रप्रसाद विमलले यस मन्दिरलाई 'नेपालको खजुराहो'को संज्ञा दिएका थिए । मध्य प्रदेशस्थित खजुराहो मन्दिरमा वात्सायण लिखित कामशास्त्रमा वर्णित सम्भोग कलाका विभिन्न आशनहरुको चित्र छन् । खजुरीको लक्ष्मीनारायण मन्दिरको चारै प्रखालमा पनि काठमाथि सम्भोग कलाका विभिन्न आशनका कलात्मक चित्रहरु कुँदिएका छन् ।

लक्ष्मीनाराण मन्दिरको निर्माण काजी स्वरुपसिंह कार्की तथा उनका भाई कीर्तिसिंह कार्कीले विसं १९०८ मा गराएका थिए । निर्माणको हिसाबले यो मन्दिर जनकपुरको जानकी मन्दिरभन्दा ५९ वर्ष पुरानो हो । जानकी मन्दिरको निर्माण ११ फरवरी १९११ तद् अनुसार विसं १९६७ साल माघ २८ गते भएको थियो । भारत मध्य प्रदेश टिकमगढ स्थित ओरछा नरेश महाराज प्रतापनारायण सिंह र रानी वृषभानु कुंवरीले सन् १८९४ (विसं १९५२ माघ २८ गते) जानकी मन्दिरको शिलान्यास गरेका थिए । जानकी मन्दिरका १२ औं महन्त रामकृष्ण दासको पालामा विसं १९६७ साल माघ २८ गते उद्घाटन गरिएको थियो ।

मन्दिर निर्माता स्वरुप सिंह कार्की राजा प्रतापसिंह शाहको सेनामा काजी थिए। नेपाल एकीकरण अभियानमा खटिएको बेला नुवाकोटमा उनी वीरगति प्राप्त गरेका थिए । उनको वीरताको उच्चमूल्यांकनगर्दै राजाप्रतापसिंह शाहले उनलाई ९ सय ८१ विघा जग्गाविर्ता दिएकाथिए। हाल कार्की बन्धुका एघारौं पुस्ता खजुरीमा छन् ।

लक्ष्मीनारायण मन्दिरमा नरेश्वर, भीमेश्वर र क्षीरेश्वर महादेवका प्रतीमाहरु स्थापित छन्। कालो ढुंगाबाट बनेको दुर्गा र लक्ष्मीनारायणको प्रतीमा पुरातात्विक महत्वका छन् । मन्दिर बाहिर धर्मशाला पनि छ । मन्दिरको मुख्य आकर्षण भने लक्ष्मीनारायण मन्दिर पर्खालको चारैतिर निर्मित काम कलाकमूर्तिहरु हुन्। जसमा काठमा सम्भोग कलाका विभिन्न आशनहरु कुँदिएका छन् । आजभन्दा १ सय ७२ वर्ष अघि सुदूर गाउँको मन्दिरमा सम्भोग कलाकामूर्तिहरु निर्माण गरिनु जिज्ञासा र अध्ययनको विषय हो ।





स्वरुपसिंह कार्कीका वंशज विदुरबहादुर कार्की भन्नुहुन्छ- 'काम कलाका प्रतीमा बनाउनुको उद्देश्य आमजनतालाई काम कलाको विषयमा जानकारी दिनु तथा सन्तान जन्माउन प्रोत्साहन गर्नु थियो ।'

जनकपुरको राम मन्दिर पछि, पैगोडा शैलीमा निर्माण भएको यस भेगको यो दोश्रो पुरानो मन्दिर हो । लक्ष्मीनारायण मन्दिर निर्माण, सदावर्त सञ्चालन एवं कुल देवताको पूजा अर्चनाको लागि कार्कीबन्धुले करिब १०० विघा जग्गा दान दिएर लक्ष्मीनारायण गुठी स्थापना गरेका थिए । गाउँको विद्यालय निर्माणमा पनि यस गुठीले ७ विघा जग्गा, १ सय मन धान तथा १० हजार नगद दिएको थियो । काजी स्वरुपसिंह हजारी साह बौएलाल उच्च माध्यमिक विद्यालय अहिले पनि खजुरीमा सञ्चालित छ।

मन्दिरमा स्थापित काठमा कुँदिएका काम कलाका मूर्तिहरु अवैज्ञानिक रंगरोगन तथा रखरखावका कारण मौलिकता गुमाउँदै छन्। मठमन्दिर तथा पोखरीहरुको संरक्षण तथा सौन्दर्यीकरणको नाममा मधेश प्रदेश सरकारले विगत एक दशकमा करोडौं रमक खर्च पनि पुरातात्विक महत्वका यी मन्दिर तथा मूर्तिहरुको संरक्षण हुन सकेको छैन । जनकनन्दनी गाउँपालिकाले मन्दिर सौन्दर्यीकरणको नाममा पटक पटक बजेट विनियोजन गर्दै आए पनि विश्व सम्पदा सूचीमा सूचीकृत हुने हैसियतका १५० वर्ष पुरानो लक्ष्मीनारायण मन्दिर अझै ओझेलमै छ।

# नगरप्रहरी पक्राउ विरोधमा गौशाला बन्द, भंगहाका आन्दोलित




**टुडे समाचारदाता**

जनकपुरधाम। गौशाला नगरपालिकाका आठ जना नगरप्रहरी पक्राउ प्रकरण निकै ताँतिएको छ। विरोधमा गौशाला नगरपालिकाका र ती मातहतका निकायहरुको सम्पूर्ण कामकाज ठप्प भएको छ भने भंगहा नगरपालिकाका कर्मचारीहरु समेत आन्दोलित भएको छ।

नगरप्रहरीको रिहाइको माग गर्दै गौशाला नगरपालिकाका कर्मचारीहरूले आर्थिक वर्ष २०८२/८३ को अन्तिम दिनदेखि नगरपालिका अन्तर्गतका सम्पूर्ण सेवा ठप्प पारेका छन् भने भंगहा नगरपालिकाका कर्मचारीहरूले पनि उक्त आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन् ।

नगरपालिकाले जारी गरेको विज्ञप्तिअनुसार गत असार १८ गते ड्युटीमा रहेका आठ जना नगरप्रहरीलाई कुनै पूर्वसूचना वा आवश्यक समन्वयबिना नेपाल प्रहरीको टोलीले कार्यालयमै प्रवेश गरी नियन्त्रणमा लिएपछि कर्मचारीहरू आन्दोलनमा उत्रिएका हुन् । पक्राउ परेका नगरप्रहरीलाई तत्काल रिहा नगरेसम्म नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयबाट सेवा प्रवाह नगर्ने चेतावनी पनि दिइएको छ।

आन्दोलनका कारण गौशाला नगरपालिकाको कार्यालयसँगै मातहतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयको नियमित कामकाज पूर्ण रूपमा प्रभावित भएको छ । कर्मचारीहरूले स्थानीय तहका कर्मचारीहरूको सुरक्षा सुनिश्चित नभएसम्म आन्दोलन जारी रहने अडान लिएका छन् ।

नगरप्रहरी पक्राउ हुनुको कारण निगौल गाई गौशालाकी कार्यालय प्रमुख कान्तिकुमारी पाण्डेमाथि कुटपिट तथा दुर्व्यवहार गरेको आरोप हो। उक्त घटनामा संलग्न रहेको आरोपमा इलाका प्रहरी कार्यालय गौशालाले आठ जना नगरप्रहरीलाई पक्राउ गरेको जनाएको छ।

यो विवाद निगौल गाई गौशालाको जग्गाबाट ढल निकास गर्ने विषयसँग जोडिएको छ । गौशालाकी कार्यालय प्रमुख कान्तिकुमारी पाण्डेका अनुसार उच्च अदालत जनकपुरधामले गौशालाको सहमतिबिना उक्त जग्गामा कुनै हस्तक्षेप नगर्न अन्तरिम आदेश जारी गरिसकेको अवस्थामा पनि नगरपालिका पक्षले स्काभेटर प्रयोग गरी जबर्जस्ती ढल निकास गर्न खोजेको थियो ।

त्यसक्रममा आफूलाई नगरप्रहरीले कुटपिट तथा दुर्व्यवहार गरेको आरोप उनले लगाएकी छन्। घटनासम्बन्धी भिडियो सार्वजनिक भएपछि विवाद अझ तीव्र बनेको हो । पाण्डेले यसअघि पनि नगरप्रहरीले मृत गाई व्यवस्थापनका लागि प्रयोग गरिएको ट्र्याक्टर नियन्त्रणमा लिएर कार्यालयभित्र प्रवेश गरी कर्मचारीमाथि हातपात गरेको आरोप लगाएकी छन् ।

यता, गौशालाको घटनाप्रति समर्थन जनाउँदै भंगहा नगरपालिकाका कर्मचारीहरूले शुक्रबार संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छन् । विज्ञप्तिमा कुनै पूर्वजानकारी वा आवश्यक समन्वयबिना नगरप्रहरीलाई पक्राउ गरिएको घटनाले स्थानीय तहका कर्मचारीहरूमा असुरक्षा र त्रासको वातावरण सिर्जना गरेको उल्लेख गरिएको छ।

भंगहा नगरपालिकाका कर्मचारीहरूले स्थानीय सरकारअन्तर्गत कार्यरत कर्मचारीहरूको सम्मान र सुरक्षामा कुनै सम्झौता गर्न नसकिने स्पष्ट पार्दै पक्राउ परेका आठै जना नगरप्रहरीलाई तत्काल रिहा गर्न, भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा सुनिश्चित गर्न तथा अन्तरसरकारी समन्वय र संवैधानिक व्यवस्थाको मर्मअनुसार समस्या समाधान गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

# राजपुर नगरपालिकाका चारजना विरुद्ध भ्रष्टाचार मुद्दा




**टुडे समाचारदाता**

रौतहट । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहटको राजपुर नगरपालिकामा विद्यालय भवन निर्माणका क्रममा लागत अनुमानभन्दा बढी रकम भुक्तानी गरी भ्रष्टाचार गरेको आरोपमा चार जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ।

आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरसहित नगरपालिकाका इन्जिनियर मोहम्मद शाह फैसल, जनता नमुना माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक विजयकान्त मिश्र र लेखापाल शेख जहिरमाथि जनही ११ लाख १० हजार ११४ रुपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर गरेको हो ।

राजपुर नगरपालिका-५ स्थित जनता नमुना माध्यमिक विद्यालयमा निर्माण गरिएको ८ कोठे प्रि-स्कुल ब्लक भवनको लागत अनुमान बढाएर अनियमितता गरिएको आरोप आयोगको रहेको छ।

प्रारम्भिक लागत अनुमान ९७ लाख ३७ हजार ९९४ रुपैयाँ रहेकोमा निर्माण समितिले त्यसलाई संशोधन गर्दै १ करोड ५ लाख ७७ हजार ५९६ रुपैयाँ कायम गरी काम अघि बढाएको आयोगले दाबी गरेको छ।


पछि वास्तविक लागतभन्दा ११ लाख १० हजार ११४ रुपैयाँ बढी देखाई सोही बराबरको बिल तथा भुक्तानी लिई रकम अनियमित रूपमा निकासा गरिएको पाइएको आयोगको आरोपपत्रमा उल्लेख छ । आयोगले उक्त कार्यमा संलग्न चारै जनालाई कानुनी दायरामा ल्याउँदै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

# दूई दिनमा २८ लाख बढीको मालसमान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । सीमावर्ती नाकाबाट हुने भन्सार छली तथा अवैध ओसारपसार नियन्त्रणका लागि सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण मुजेलिया, धनुषाले सञ्चालन गरेको विशेष अभियानमा दुई दिनमै करिब २८ लाख ५ हजार १ सय रुपैयाँ बराबरका अवैध मालसामान बरामद गरिएको छ।

गणका अनुसार बिहीबार भारतबाट भन्सार छली गरी नेपालतर्फ भित्र्याइँदै गरेको ९ लाख ८६ हजार ३०० रुपैयाँ मूल्य बराबरको किराना सामग्री, लत्ताकपडा तथा एउटा मोटरसाइकल नियन्त्रणमा लिइएको थियो।



यस्तै, शुक्रबार सञ्चालन गरिएको निगरानी तथा चेकजाँच अभियानका क्रममा १८ लाख १८ हजार ८०० रुपैयाँ बराबरका मोबाइल पार्ट्स, लत्ताकपडा र प्रयोग गरिएको एउटा अटोरिक्सा बरामद गरिएको जनाइएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण मुजेलिया, जनकपुरका गणपति भीमबहादुर बिष्टका अनुसार दुई दिनको अवधिमा बरामद गरिएका सम्पूर्ण अवैध मालसामान आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको छ।

उनले सीमाक्षेत्र हुँदै हुने भन्सार छली र अवैध सामानको ओसार पसार रोक्न निगरानी व्यवस्था थप प्रभावकारी बनाइएको जानकारी दिए। सीमावर्ती क्षेत्रमा नियमित गस्ती, चेकजाँच र विशेष अभियानलाई निरन्तरता दिइएको उल्लेख गर्दै गणपति बिष्टले यस्ता गैरकानुनी गतिविधि नियन्त्रणका लागि सशस्त्र प्रहरीको सक्रियता अझ सशक्त बनाइने बताए।

# विक हत्या आरोपमा पूर्व सांसद कोइरी कारागार चलान

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी सहायक निरीक्षक (असई) थमन विक हत्या प्रकरणमा दोषी ठहर भएका नेकपा (एमाले) का नेता तथा पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई कैद सजाय कार्यान्वयनका लागि जलेश्वर कारागार पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले पक्राउपछि जिल्ला अदालत जलेश्वरमा उपस्थित गराएको थियो। अदालतको आदेशअनुसार उनलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको महोत्तरी प्रहरीका प्रवक्ता डीएसपी पञ्चलाल गोलेले जानकारी दिएका छन् ।

थमन विकको हत्या २०७२ भदौ २५ गते मधेस आन्दोलनका क्रममा ड्युटीमा रहेका बेला भएको थियो। उक्त घटनासम्बन्धी कर्तव्य ज्यान मुद्दामा उच्च अदालत जनकपुरधामले २०८३ असार १७ गते कोइरीलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो। त्यसपछि फैसला कार्यान्वयनका क्रममा प्रहरीले बिहीबार उनलाई पक्राउ गरेको हो ।



प्रहरीका अनुसार कोइरीलाई २०८३ असार १८ गते साँझ करिब ६ बजे गौशाला नगरपालिका-५ स्थित एमाले पार्टी कार्यालय अगाडिको सार्वजनिक स्थानबाट नियन्त्रणमा लिइएको थियो। उनी गौशाला नगरपालिका-२, निगौलका स्थायी बासिन्दा हुन् ।

यसअघि महोत्तरी जिल्ला अदालतले २०८० मंसिर २८ गते कोइरीलाई उक्त मुद्दामा सफाइ दिएको थियो। तर उच्च अदालतले जिल्ला अदालतको फैसला उल्टाउँदै उनलाई कर्तव्य ज्यान कसुरमा दोषी ठहर गर्दै पाँच वर्ष कैद सजाय सुनाएको हो। सोही फैसला कार्यान्वयनका लागि पक्राउ गरी अदालतमा पेस गरिएको र अदालतको आदेशपछि जलेश्वर कारागार पठाइएको प्रहरीले जनाएको छ ।

यसै मुद्दामा जिल्ला अदालतबाट जन्मकैद सजाय पाएका प्रदेश सांसद अभिराम शर्माको सजाय पनि उच्च अदालतले घटाएर पाँच वर्ष कायम गरेको छ। त्यस्तै, प्रदीप साह माझी, सञ्जयकुमार साह र मोहन ठाकुरविरुद्ध जिल्ला अदालतले गरेको दोषी ठहर तथा जन्मकैदको फैसला उच्च अदालतले सदर गरेको छ।

उता, जिल्ला अदालतबाट सफाइ पाएका अभिषेक शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र, सुरेश पाण्डे, लक्ष्मी महतो र पवन कापरलाई पनि उच्च अदालतले कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गर्दै जनही पाँच वर्ष कैद सजाय सुनाएको छ।

# इण्डोनिशियन आईचाको ब्राण्ड अब जनकपुरधाममा

**टुडे समाचारदाता**

जनकपुरधाम। आइसक्रीम सहितका आईस प्रोडक्टका लागि इन्डोनेसियाको चर्चित ब्रान्ड आईचाको फ्रेन्चाईजी नेपालमै पहिलो पटक जनकपुरधाममा संचालनमा आएको छ।

आईचाको उत्पादनहरु जनकपुरधाममा शुक्रबार (आज) बाट विक्रि वितरण शुरु भएको प्रोपराईटर यसवर्धन सर्राफले जानकारी दिएका छन् । जनकपुरधामको मिल्स एरियामा खोलिएको सो आईचा ब्राण्डको शो रुमको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी र यसवर्धनका बुवा मुना सर्राफले संयुक्त रुपम गरेका छन् ।

आईचा आईसक्रिम र टिको स्टोरले आईचाको मापदण्ड बमोजिम सर्भिस दिने प्रोपराईटर यसवर्धनले जानकारी दिएका छ्न । उक्त ब्रान्ड ३३ वटा देशमा रहेको




र यस्को २ हजार भन्दा बढि आउटलेट स्टोरहरु रहेको उनले जानकारी दिए । पहिलो पटक नेपालमै आईचालाई भित्र्याउन सफल भएकोमा उनले जनकपुरधामवासीकै लागि गर्वको कुरा भएको उनले भने ।

आईचाको आईसक्रिम, विभिन्न प्रकारको चिया र कफि अटोमेटिक तरीकाले निश्चित मापदण्ड बमोजिम निर्माण हुने भएकोले संसारभरी रहेको जुनसुकै आईचाको स्टोरमा जाँदा एक समान स्वाद पाउने प्रोपराईटर यसवर्धनले दाबी गरेका छन् । उनले जनकपुरधाम क्षेत्रलाई मध्ये नजर गर्दै हरेक खाने र पिउने सामानहरुको सस्तो दररेट राखिएको बताए।

आईचाले जनकपुरधामपछि केही दिनभित्रै काठमाडौ र पोखरामा पनि स्टोर स्थापना गर्ने तयारी गरेको सर्राफले जानकारी दिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८